नेपाल सरकार

# शिक्षक सेवा आयोग

## निम्नमाध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन

(प्रकाशित मितिः २०८२/१२/२४ गते)

नेपाल राज्यका सामुदायिक विद्यालयमा रिक्त हुन आएका निम्नमाध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा निम्नलिखित माग पद सङ्ख्यामा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहायबमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://online.tsc.gov.np/ बाट अनलाइन दरखास्त दिनुहुन यो विज्ञापन प्रकाशन गरिएको छः

**विषयः (०१) नेपाली**

| क.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन न. | | | | | | | | | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खुला | महिला | | | आदिवासी/जनजाति | तराई-मधेशमा वसोवास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | |
| | | | साधारण | दलित | मुस्लिम | | | | | | |
| | | २०१०१/८२/८३ | २०२०१/८२/८३ | २०३०१/८२/८३ | २०४०१/८२/८३ | २०५०१/८२/८३ | २०६०१/८२/८३ | २०७०१/८२/८३ | २०८०१/८२/८३ | २०९०१/८२/८३ | |
| १ | कोशी | १७ | ४ | ० | १ | ४ | ३ | १ | १ | १ | ३२ |
| २ | मधेश | १ | १ | ० | ० | १ | ० | ० | ० | ० | ३ |
| ३ | बागमती | ९ | २ | १ | ० | २ | २ | ० | १ | ० | १७ |
| ४ | गण्डकी | २१ | ५ | ० | १ | ५ | ४ | १ | १ | १ | ३९ |
| ५ | लुम्बिनी | ४ | १ | १ | ० | १ | १ | १ | ० | ० | ९ |
| ६ | कर्णाली | २ | १ | ० | ० | १ | ० | ० | ० | ० | ४ |
| ७ | सुदूरपश्चिम | ३ | १ | ० | ० | ० | १ | ० | ० | ० | ५ |
| जम्मा | | ५७ | १५ | २ | २ | १४ | ११ | ३ | ३ | २ | १०९ |

**विषयः (०२) अङ्ग्रेजी**

| क.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन न. | | | | | | | | | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खुला | महिला | | | आदिवासी/जनजाति | तराई-मधेशमा वसोवास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | |
| | | | साधारण | दलित | मुस्लिम | | | | | | |
| | | २०१०२/८२/८३ | २०२०२/८२/८३ | २०३०२/८२/८३ | २०४०२/८२/८३ | २०५०२/८२/८३ | २०६०२/८२/८३ | २०७०२/८२/८३ | २०८०२/८२/८३ | २०९०२/८२/८३ | |
| १ | कोशी | २२ | ५ | १ | ० | ५ | ४ | १ | १ | १ | ४० |
| २ | मधेश | ३ | १ | ० | ० | १ | १ | ० | ० | ० | ६ |
| ३ | बागमती | १० | २ | १ | ० | २ | २+१*=३ | १ | १ | ० | २० |
| ४ | गण्डकी | २१ | ५ | ० | १ | ५ | ४+३*=७ | १ | १+१*=२ | १ | ४३ |
| ५ | लुम्बिनी | १० | २ | १ | ० | २ | २ | १ | १ | ० | १९ |
| ६ | कर्णाली | ६ | १ | १ | ० | १ | १ | १ | ० | ० | ११ |
| ७ | सुदूरपश्चिम | ७ | १ | १ | ० | २ | १ | १ | १ | ० | १४ |
| जम्मा | | ७९ | १७ | ५ | १ | १८ | १९ | ६ | ६ | २ | १५३ |



उपसचिव

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

## विषयः (०३) गणित

| क.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन न. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खुला | महिला | | | आदिवासी/ जनजाति | तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | जम्मा पद सङ्ख्या |
| | | | साधारण | दलित | मुस्लिम | | | | | | |
| | | २०१०३/ ८२/८३ | २०२०३/ ८२/८३ | २०३०३/ ८२/८३ | २०४०३/ ८२/८३ | २०५०३/ ८२/८३ | २०६०३/ ८२/८३ | २०७०३/ ८२/८३ | २०८०३/ ८२/८३ | २०९०३/ ८२/८३ | |
| १ | कोशी | ११ | २+४*=६ | १ | ० | २+२*=४ | २ | १+१*=२ | १+१*=२ | ० | २८ |
| २ | मधेश | ० | १* | ० | ० | १* | ० | १* | ० | ० | ३ |
| ३ | बागमती | ११ | २+१*=३ | ० | १ | २ | २+१*=३ | १+१*=२ | १+१*=२ | ० | २४ |
| ४ | गण्डकी | १७ | ३ | १ | १ | ४ | ३+१*=४ | १ | १ | १+१*=२ | ३४ |
| ५ | लुम्बिनी | ९ | २ | १ | ० | २ | २ | १ | ० | ० | १७ |
| ६ | कर्णाली | ४ | १+१*=२ | ० | ० | १+१*=२ | १ | ० | ० | ० | ९ |
| ७ | सुदूरपश्चिम | १ | १+१*=२ | ० | ० | ० | १ | ० | ० | ० | ४ |
| जम्मा | | ५३ | १९ | ३ | २ | १५ | १३ | ७ | ५ | २ | ११९ |

## विषयः (०४) विज्ञान

| क.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन न. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खुला | महिला | | | आदिवासी/ जनजाति | तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | जम्मा पद सङ्ख्या |
| | | | साधारण | दलित | मुस्लिम | | | | | | |
| | | २०१०४/ ८२/८३ | २०२०४/ ८२/८३ | २०३०४/ ८२/८३ | २०४०४/ ८२/८३ | २०५०४/ ८२/८३ | २०६०४/ ८२/८३ | २०७०४/ ८२/८३ | २०८०४/ ८२/८३ | २०९०४/ ८२/८३ | |
| १ | कोशी | १६ | ४ | १ | ० | ३ | ३ | १+१*=२ | १ | १ | ३१ |
| २ | मधेश | ४ | १ | ० | ० | १ | १ | १ | ० | ० | ८ |
| ३ | बागमती | ९ | २ | ० | १ | २ | १ | १ | १ | १* | १८ |
| ४ | गण्डकी | १८ | ४ | ० | १ | ४ | ३ | १ | १ | १ | ३३ |
| ५ | लुम्बिनी | ४ | १ | १ | ० | १ | १ | १ | ० | ० | ९ |
| ६ | कर्णाली | १ | १ | ० | ० | १* | १* | ० | ० | ० | ४ |
| ७ | सुदूरपश्चिम | १ | १ | ० | ० | १ | १* | ० | ० | ० | ४ |
| जम्मा | | ५३ | १४ | २ | २ | १३ | ११ | ६ | ३ | ३ | १०७ |

उपसचिव

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

## विषय:( ०५ ) सामाजिक अध्ययन

| क.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन न. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खुला | महिला | | | आदिवासी/ जनजाति | तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | जम्मा पद सङ्ख्या |
| | | | साधारण | दलित | मुस्लिम | | | | | | |
| | | २०१०५/ ८२/८३ | २०२०५/ ८२/८३ | २०३०५/ ८२/८३ | २०४०५/ ८२/८३ | २०५०५/ ८२/८३ | २०६०५/ ८२/८३ | २०७०५/ ८२/८३ | २०८०५/ ८२/८३ | २०९०५/ ८२/८३ | |
| १ | कोशी | १६ | ४ | १ | ० | ३ | ३ | १ | १ | १ | ३० |
| २ | मधेश | ३ | १ | ० | ० | १ | १ | ० | ० | ० | ६ |
| ३ | बागमती | १० | २ | १ | ० | १ | २ | १ | १ | १ | १९ |
| ४ | गण्डकी | १३ | ३ | १ | ० | २ | ३ | १ | १ | १ | २५ |
| ५ | लुम्बिनी | ५ | १ | १ | ० | १ | १ | १ | ० | ० | १० |
| ६ | कर्णाली | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | २ |
| ७ | सुदूरपश्चिम | १ | १ | ० | ० | ० | १ | ० | ० | ० | ३ |
| | जम्मा | ४९ | १२ | ४ | ० | ८ | ११ | ४ | ४ | ३ | ९५ |

## विषय:(१९) गणित विज्ञान

| क.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन न. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खुला | महिला | | | आदिवासी/ जनजाति | तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | जम्मा पद सङ्ख्या |
| | | | साधारण | दलित | मुस्लिम | | | | | | |
| | | २०११९/ ८२/८३ | २०२१९/ ८२/८३ | २०३१९/ ८२/८३ | २०४१९/ ८२/८३ | २०५१९/ ८२/८३ | २०६१९/ ८२/८३ | २०७१९/ ८२/८३ | २०८१९/ ८२/८३ | २०९१९/ ८२/८३ | |
| १ | कोशी | २१ | ५+५*=१० | ० | १ | ४+४*=८ | ४+३*=७ | १+१*=२ | १+१*=२ | १+१*=२ | ५३ |
| २ | मधेश | २ | १+१*=२ | ० | ० | १ | ० | ० | ० | १ | ६ |
| ३ | बागमती | ४ | २+१*=३ | ० | ० | १ | १ | १ | ० | ० | १० |
| ४ | गण्डकी | १ | १+२*=३ | ० | ० | २* | २* | १* | ० | ० | ९ |
| ५ | लुम्बिनी | २ | १+१*=२ | ० | ० | १ | १ | ० | ० | ० | ६ |
| ६ | कर्णाली | १ | १* | ० | ० | १* | १ | ० | ० | ० | ४ |
| ७ | सुदूरपश्चिम | १ | १+१*=२ | ० | ० | १+१*=२ | ० | ० | ० | ० | ५ |
| | जम्मा | ३२ | २३ | ० | १ | १६ | १२ | ४ | २ | ३ | ९३ |

## विषय: (२०) संस्कृत व्याकरण

| क.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन नं. | | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|
| | | खुला | महिला | |
| | | २०१२०/०८२/८३ | २०२२०/०८२/८३ | |
| १ | गण्डकी | १ | १ | २ |
| | जम्मा | १ | १ | २ |



उपसचिव

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

| विषयः (२१) संस्कृत भाषा | | | |
|---|---|---|---|
| क्र.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन नं. | जम्मा पद सङ्ख्या |
| | | खुला | |
| | | २०१२१/८२/८३ | |
| १ | गण्डकी | १ | १ |
| | जम्मा | १ | १ |

**१. परीक्षाको किसिम:** (क) लिखित परीक्षा (सामान्य र विषयगत)
(ख) अन्तर्वार्ता

**२. परीक्षा सञ्चालनः**

(क) लिखित परीक्षा (सामान्य) सञ्चालन हुने मिति र समयः २०८३/०२/२३ गते शनिवार अपराह्न १:०० बजे ।

(ख) लिखित परीक्षा (विषयगत) को मिति सामान्य परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

(ग) अन्तर्वार्ता हुने मिति, समय र स्थानः लिखित परीक्षा (विषयगत) को नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

**३. परीक्षा केन्द्रः** कोशी प्रदेशको मोरङ, मधेश प्रदेशको धनुषा, बागमती प्रदेशको मकवानपुर, गण्डकी प्रदेशको कास्की, लुम्बिनी प्रदेशको दाङ, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा हुनेछ । यदि आवेदक सङ्ख्या धेरै भई उक्त जिल्लाहरूमा परीक्षा व्यवस्थापन गर्न नसकिने भएमा आयोगले निर्णय गरी अन्य जिल्लाहरूमा पनि परीक्षा केन्द्र तोक्न सक्ने छ । अन्य विस्तृत जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ।

**४. दरखास्त दस्तुरः** रु.७,००/ (प्रत्येक समावेशी समूहको लागि थप रु. ५००/-का दरले) बुझाउनु पर्नेछ ।

**५. दरखास्त दिने अन्तिम मितिः** २०८३/०१/२३ गतेसम्म ।

**६ दोब्बर दस्तुर बुझाई दरखास्त दिने मितिः** २०८३/०१/३० गतेसम्म ।

**७. उम्मेदवारको उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको। तर बहालवाला स्थायी शिक्षकको हकमा उमेरको हद लाग्ने छैन ।

**८. दरखास्त पेस गर्ने माध्यमः**

विज्ञापन भएको पदमा अनलाइन दरखास्त प्रणालीमार्फत दरखास्त दिनुपर्नेछ । आयोगको आधिकारिक वेबसाइट https://online.tsc.gov.np/ मा Click गरी अनलाइन दरखास्त प्रणालीमार्फत दरखास्त पेस गर्न सकिनेछ र दरखास्त पेस गर्ने विधिसम्बन्धी विस्तृत जानकारी आयोगको अनलाइन प्रणालीमा रहेको प्रयोगकर्ता पुस्तिकामा हेर्न सकिनेछ ।

**९. दरखास्त दस्तुर बुझाउने बैंक र विधि:**

- आयोगको अनलाइन दरखास्त प्रणालीबाट फाराम **submit** गर्नुपर्नेछ ।
- फाराम Submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भए/नभएको यकिन गर्नुहोस् ।
- यकिन गरिसकेपछि दरखास्त पेस गरेको विवरणमा Click गर्नुहोस् ।
- दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा सोहीअनुसार विवरण यकिन गर्नुहोस् । आफूले **Apply** गरेको विज्ञापनमा **दस्तुर बुझाउन यहाँ क्लिक गर्नुहोस् मा Click** गर्नुहोस् ।
- बैंक **Option** मा **राष्ट्रिय बाणिज्य बैंक** वा **नेपाल बैंक लिमिटेड**मध्ये कुनै एक **Option** छनोट गर्नुहोस् । बैंक छनोट गरिसकेपछि भौचर प्राप्त गर्नुहोस् मा **Click** गर्नुहोस् ।
- भौचर प्रिन्ट गरी सोही भौचरसहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ । **Online payment** गर्नेको हकमा भौचर जेनरेट भएपछि त्यस **Page** मा अनलाइन भुक्तानी गर्नुहोस् मा **Click** गर्नुहोस् ।



उपसचिव

- रकम भुक्तानी गर्ने विकल्पहरूमध्ये पोर्टलमा दिइएका कुनै एक विकल्प (Digital Wallet) को लोगो छनोट गरी **Click** गर्नुहोस् । तत्पश्चात् रकम भुक्तानी गर्नुहोस् मा **Click** गर्नुहोस् ।
- छनोट गरिएको Digital Wallet को Username and password हाली **Online Payment** मा तोकिएको रकम दाखिला गर्नुहोस् । रकम दाखिला भएको यकिन गरी आफ्नो निवेदन पेश (Submit) भयो भनी सुनिश्चित गर्नुहोस् ।
- प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्ने छ । यसका लागि **आफ्नो इमेल, उम्मेदवार सङ्केत नम्बर (Candidate ID) र पासवर्ड सुरक्षित साथ राख्नुहोस् ।**

**१०. दरखास्त दस्तुर बुझाउने अवधिः-**

दरखास्त दिने अन्तिम मिति २०८३/०१/२३ गते राति ११:५९ बजेभित्र राजस्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी सोको भोलिपल्ट मिति २०८३/०१/२४ गते बैंकिङ्ग कारोबार हुने समयभित्र नै भौचरमा उल्लिखित दस्तुर अनिवार्य रुपमा बुझाउन पर्नेछ । सिङगल दस्तुरको सृजित भौचरको रकम मिति २०८३/०१/२४ गतेपछि बुझाएमा दरखास्त स्वत रद्ध हुनेछ ।

दोब्बर दस्तुर तिरी दरखास्त पेस गर्नेको हकमा मिति २०८३/०१/३० गते राति ११:५९ बजेभित्र राजस्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी सो को भोलिपल्ट मिति २०८३/०१/३१ गते बैंकिङ्ग कारोवार हुने समयभित्र भौचरमा उल्लिखित दस्तुर अनिवार्य रूपमा बुझाई सक्नुपर्नेछ । तर उक्त दिन, (मिति २०८३/०१/२४ र मिति २०८३/०१/३१ गते) सार्वजनिक (सङ्घीय/नेपाल राज्यभर) बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बुझाउन सकिनेछ ।

**११. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः-**

(क) नेपाली नागरिक ।

(ख) शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम १० बमोजिम अयोग्य नभएको ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।
तर कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षासम्बन्धी विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा शिक्षा शास्त्र संकायमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

(घ) सामाजिक अध्ययन विषय अन्तर्गत सामाजिक अध्ययन, अर्थशास्त्र, इतिहास, ग्रामीण विकास, भूगोल, नागरिकशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, नीतिशास्त्र, मनोविज्ञान, मानवशास्त्र, वातावरण शिक्षा, स्वास्थ्य शिक्षा, शारीरिक शिक्षा, संस्कृति, समाजशास्त्र, जनसङ्ख्या शिक्षा र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयहरू पर्दछन् ।

(ङ) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुवै विषयमा २००/२०० पूर्णाङ्क वा ८ क्रेडिट आवर लिई प्रकरण (ग) बमोजिम योग्यता पुगेको हुनुपर्ने छ ।

(च) निम्नमाध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने छ।

**१२. अपलोड गर्नुपर्ने कागजातहरुः-**

**देहायका कागजातहरु** Scan गरी अनलाइन दरखास्त प्रणालीले निर्दिष्ट गरेको स्थानमा jpeg/jpg format (प्रति इमेज बढीमा **200 KB**) मा upload गर्नुपर्नेछः

- नेपाली नागरिकताको प्रमाणपत्र,
- हालसालै खिचेको फोटो,
- दस्तखत नमुना,
- न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट (शिक्षासम्बन्धी विषय लिई कक्षा ११ र १२ दबैको विषयकोड प्रष्ट भएको ग्रेडसिट/मार्कसिट/लब्धाङ्क पत्र देखिने गरी फाराम भर्दा अपलोड गर्नु पर्ने),
- तालिमको प्रमाणपत्र,



उपसचिव

- स्थायी अध्यापन अनुमतिपत्र,
- समकक्षता प्रमाणपत्र (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा)

दरखास्तमा उल्लेख गरेको विवरण र पेस गरिएका कागजातको आधिकारिकता सम्बन्धमा सम्बन्धित उम्मेदवार स्वयम् नै पूर्ण जवाफदेही हुनु पर्नेछ । उल्लिखित विवरण एवम् कागजात झुट्टा ठहरेमा वा तोकिएको कागजात पेस नगरेमा/सम्बन्धित विषयमा तोकिएको योग्यता र तालिम (विषयको पूर्णाङ्क/क्रेडिट आवर) नपुगेमा त्यस्तो दरखास्त जुनसुकै समयमा रद्द हुनेछ ।

**१३. समावेशी तर्फका उम्मेदवारहरूले पेस गर्नुपर्ने थप कागजातहरूः-**

(क) आदिवासी/जनजातिको सम्बन्धमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात ।

(ख) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायका सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट तराई मधेशमा बसोवास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय हो भनी प्रमाणित गरेको कागजात र त्यसरी नतोकिएको भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय हो भनी प्रमाणित गरेको कागजात ।

(ग) दलितका सम्बन्धमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थर भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात ।

(घ) अपाङ्गताको हकमा साविक समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गताको वर्गीकरण खुलेको प्रमाणित परिचयपत्र ।

(ङ) पिछडिएको क्षेत्रको सम्बन्धमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट दरखास्त दिंदाको बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको हो भनी प्रमाणित भएको कागजात ।

**१४. विज्ञापनसम्बन्धी थप जानकारीः-**

(क) यस विज्ञापनको प्रतिस्पर्धा र छनोट प्रदेशस्तरमा हुनेछ ।

(ख) लिखित परीक्षा एकै दिन एकै समयमा सबै प्रदेशमा हुने हुँदा कुनै पनि उम्मेद्वारले एक प्रदेश र एक विषयमा मात्र दरखास्त फाराम भर्न सक्नेछन् । यदि सो नगरेको कारणले दरखास्त फाराम अस्वीकृत हुन गएमा उम्मेद्वार स्वयम् जवाफदेही र जिम्मेवार हुनेछन् ।

(ग) एउटै परीक्षामार्फत् खुला र समावेशी समूहहरूको उम्मेद्वार छनोट गरिनेछ ।

(घ) "आदिवासी/जनजाति", "तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय" वा "दलित" समूहबाट उम्मेद्वार हुने व्यक्तिले कुनै एक खण्डको समुदायको उम्मेद्वारको रूपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ। तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन ।

(ङ) परीक्षाको माध्यमका सम्बन्धमा भाषा विषय सम्बन्धित भाषामा र अन्य विषयको परीक्षाको माध्यम नेपाली वा अङ्ग्रेजी भाषामा हुनेछ ।

(च) दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन ।



उपसचिव

(छ) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेको वा कुनै सर्त राखिएको दरखास्त स्वीकृत गरिने छैन । साथै कुनै उम्मेद्वारले झुट्टा विवरण (कागजात) पेस गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेद्वारको दरखास्त जुनसुकै बखत रद्द गरी प्रचलित कानुनबमोजिम कारवाही गरिनेछ ।

(ज) अपाङ्गता भएको कारण आफैंले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यून दृष्टि र दुवै हात नचल्ने) उम्मेद्वारले सहयोगी लेखक माग गरेमा सम्बन्धित तहका लागि तोकिएको न्यूनतम योग्यताभन्दा कम्तीमा एक तह मुनिको योग्यता भएको व्यक्तिलाई सहयोगी लेखकको रूपमा परीक्षामा बस्न उम्मेद्वारको स्थायी बसोबास भएको जिल्ला वा परीक्षा केन्द्र रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइले अनुमति दिन सक्नेछ । यस्तो सहयोगी लेखकले तोकिएको न्यूनतम योग्यता एक वर्ष अगाडि मात्र उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(झ) विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

(ञ) कुनै उम्मेद्वारले कम्तीमा २०० पूर्णाङ्कको शिक्षासम्बन्धी विषय लिई सम्बन्धित विषयमा कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवरको कोर्समा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा स्नातक वा स्नातकोत्तर तह वा सो सरहको शैक्षिक उपाधि हासिल गरेपश्चात फरक विषयमा छुट्टै कम्तीमा २०० पूर्णाङ्क लिई परीक्षा उत्तीर्ण गरेको भए त्यस्ता व्यक्ति पनि विज्ञापित सम्बन्धित विषयमा उम्मेद्वार हुन सक्नेछन् ।

(ट) लिखित परीक्षा (सामान्य) मा उत्तीर्ण हुने उम्मेद्वार मात्र विषयगत परीक्षामा सहभागी हुन पाउनेछन् ।

(ठ) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट २०८२ चैत्र १२ मा आयोगसमक्ष प्राप्त माग पदबमोजिम शिक्षक सेवा आयोगबाट मिति २०८१/१२/१४ गते प्रकाशित निम्नमाध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदका लागि गरिएको विज्ञापनबाट सिफारिस हुन नसकेका शिक्षक पदहरू शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ११क. मा उल्लिखित प्रावधान बमोजिम (*) चिन्हद्वारा सङ्केत गरी यस विज्ञापनमा समावेश गरिएको छ । समावेशी समूहमा स्टार (*) चिन्हद्वारा सङ्केत गरिएका पदहरूमा यस विज्ञापनबाट पनि सिफारिस हुन नसकेमा उक्त पद यसै विज्ञापनको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी नतिजा प्रकाशन गरिने छ ।

(ड) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ढ) यस विज्ञापनमा तालिम प्राप्त नगरेको व्यक्ति उम्मेद्वार हुन पाउने छैन । तालिम प्राप्त भन्नाले विश्वविद्यालयबाट शिक्षाशास्त्र संकायमा प्रवीणता प्रमाणपत्र तह, स्नातक र स्नातकोत्तर तह उत्तीर्ण भएको हुनुपर्नेछ । अथवा कक्षा ११ र १२ मा शिक्षासम्बन्धी विषयमा कम्तीमा २०० पूर्णाङ्क/८ क्रेडिट आवर लिई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ण) आयोगको www.tsc.gov.np/डाउनलोड पेजमा गई पाठ्यक्रम/नमुना प्रश्नपत्र प्राप्त गर्न सकिनेछ।

**सबै उम्मेद्वारहरूलाई सफलताको हार्दिक शुभकामना !**

उपसचिव